दियाली बन्धु सेवा समाज २०७०

प्रशतावना :

विभिन्न भौगोलिकतामा छरिएर बसोबास गर्ने हरेक नेपाली जातिबीच आफ्नै संस्कार , र धार्मिकता पहिचान भए पनि तिनीहरुमा विविधता पाइएको छ । विभिन्न जाती थर मध्ये दियाली थर पनि पर्दछ । जाती पहिचान र एतिहासिक उद्‌गमस्थल एवम् वंशावलीको खोजी गर्दा तिनीहरुको बौद्धिक , सांस्कृतीक र मानसिक विकास गराई सक्षम र सवल नागारिको रुपमा आत्मानिर्भरताको साथ बाँच्ने प्रेरणा र राष्ट्रिय एकताको निम्ती समान सहभागिता गराइ आपसी सहयोगका क्षेत्रहरु अभिवृद्धी गर्दै भाइचारा कायम राखी वंशीय उत्थान गर्न दियाली बन्धु सेवा समाज को विधान आवश्यक भएकाले सामाजिक । सांस्कृतीक उदेश्य राखी संस्था दर्ता ऐन २०३४ को अधिनमा रही यो विधान बनाइ तर्जुमा गरिएको छ ।

परिच्छेद - १

संक्षिप्त नाम र प्रारम्भ

१ .नाम र प्रारम्भ :

क) यस संस्थाको नाम दियाली बन्धु सेवा समाज रहने छ ।

ख) संस्थाको कार्यालय रहने ठेगाना : यस संस्थाको कार्यलय सुनसरी जिल्लाको इटहरी न . पा . वाड नं. १ अन्तर्गत रहनेछ ।

ग) संस्थाको कार्य क्षेत्र : यस संस्थाको कार्यक्षेत्र सुनसरी जिल्लाभरी हुने छ । आवश्यकता अनुसार अन्य जिल्ला र क्षेत्रमा पनि यसका शाखाहरु सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वकृतिमा विस्तार गरिने छ ।

घ) संस्थाको प्रतिवद्धता : संस्थाको कुनै क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र अन्तर्राष्ट्रिय संघ संगठनको सम्बन्धमा प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको बर्खिलाप हुन जाने वा नेपालको अखण्डता , सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने प्रतिवद्दता प्रकट गर्दछौं ।

ङ) यो संस्था एक अभिछिन्न उत्तराधिकारीवाला , संगठित , स्वशासित , गैर नाफामुलक , गैर राजनितिक गैर - सरकारी , सामाजिक संस्था हुनेछ ।संस्थाबाट आफ्नो उदेश्य वाहेक अन्य आय आर्जन गर्न तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

च) यो विधान स्थानीय अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको मितिबाट लागु हुने छ ।

२. परिभाषा : विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा

क) " दियाली बन्धु सेवा समाज" भन्नाले यस विधानमा उल्लेख भएबमोजिम गठित संस्थालाई जनाउने छ ।

ख ) संस्था भन्नाले दियाली बन्धु सेवा समाज सम्झनु पर्छ ।

ग) दियाली बन्धु सेवा समाज भन्नाले देश भरी र अन्यत्र रहेका नेपाली दियालीका एकतालाई जनाउने छ ।

घ) विधान भन्नाले दियाली बन्धु सेवा समाजलाई जनाउने छ ।

ङ) " पदाधिकारी भन्नाले यस विधान अनुसार गठन भएको कार्यसमितीका निर्वाचित वा मनोनित सबै पदाधिकारीहरुलाई जनाउने छ ।

च) " समिती" भन्नाले कार्यसमितीको कार्यकारिणी समितीलाई जनाउने छ ।

छ) संस्थापक सदस्य भन्नाले संस्था स्थापना गर्दाको वखतमा सक्रिय सदस्यहरुलाई जनाउनेछ ।

ज) " स्थानिय अधिकारी " भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउछ ।

झ ) " अधिवेशन भन्नाले " प्रत्येक बर्ष गरिने दियाली बन्धु'सेवा समाज को साधारण सभालाई बुझाँउने छ ।

ञ ) " साधारण सभा भन्नाले केन्द्रिय तह जिल्ला तह र गाउं - (शाखा उपशाखा ) तहका वार्षिक साधारण सभा र विशेष साधारणलाई सम्झन' पर्नेछ ।

३) संस्थाको छाप:

संस्थाको एउटा छुटै छाप हुनेछ । दाहोरो गोलाकार घेराभित्रमाथि दियाली बन्दु सेवा समाज तल केन्द्रीय २०६० कार्यलय इटहरी , सुनसरी , वीचमा मानिस र तस्वीरको ~~दाँस्थायी~~ स्था : अंकित गरिएको अनुसूची -१ अनुसारको हुनेछ ।

परिच्छेद- २

४ . उदेश्य :

दियाली बन्धु सेवा समाजको उदेश्य देहाय बमोजिम हुने छ । क ) यो मुनाफा रहित जनहीतकारी संस्था संस्था हुने छ ।

क) स्थान र वंशजको खोजी गर्नु

ख) बंशावली तयारी गरी प्रकाशन गर्नु ।

ग ) दैवि प्रकोपको घडीमा पीडीतहरुको उद्धार गर्नु ।

घ) सार्वजनिक कार्यहरुमा संलग्नता गराउनु ।

ङ) असहाय , अपाङ्ग एवं दीनदु:खी बालबालिकाहरुलाई सकेसम्मको सहयोग पुऱ्याउनु

च) वातावरणीय संरक्षण्मा जोड दिने

छ) दियालीवन्धु सेवा समाज आर्थिक कार्यहरुको निम्त आर्थिक हितका कार्यहरु गर्ने ।

ज) सम्बिन्धित निकायको स्वीकृति लिइ एम्बुलेन्स र शव बाहान खरिद गरी मानवीय सेवामा सहयोग पुऱ्याउने ।

झ ) दियाली , हित , संरक्षण , सम्वर्द्धन र प्रगतिका लागी अन्य आवश्यक कार्यहरु गर्ने गराउने ।

५. संस्थाको उदेश्य प्रप्त गर्न गरिने कार्यहरु

क) यस दियाली वन्धु सेवा समाज प्रचलित नेपालको कानुन बमोजिम सम्वन्धित निकायबाट अनुमत्ती लिएर मात्र आफ्नो उदेश्यहरु कार्यान्वयन गर्नेछ ।

ख) यस संस्थाले आफ्नो उदेश्य प्राप्तिका लागी जग्गा -जमिन , घर , टेलीफोन , कम्प्युटर तथा अन्य आवश्यक उपकरण , सामान , सवारी आदी खरिद गर्न घर आदी निर्माण गर्न भाडामा लिन , दिन वा विकी गर्न सक्ने छ । विकी गर्दा स्थानिय अधिकारीको पूर्व स्वीकृती लिनु पर्नेछ ।

ग) संस्थाको उदेश्य कार्यान्वयन गर्नका निम्ति आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्न सक्ने छ ।

घ) यस समाजमा प्राप्त रकम बैंकमा जम्मा गरी खाता संचालन गर्ने छ ।

ङ) अन्य आवश्यक कार्य स्थानीय अधिकारीको स्वीकृति लिइ गर्नसक्ने छ ।

च) संस्थालाई आवश्यक पर्ने कर्मचारीहरुको नियुक्ति तथा तिनका सेवाशर्तहरु निर्धारण गर्नेछ।

परिच्छेद - ३

सदस्यता

६) सदस्यताको वर्गीकरण :

क ) साधारण सदस्य : यस संस्थाको साधारण सदस्य बन्नका निम्त प्रवेश शुल्क रु ५० । - सदस्यता शुल्क रु २००। - लाग्ने छ। संस्था दर्तापछि बन्ने सवै सदस्यहरु साधारण सदस्य हुनेछन्। सवै साधारण सदस्यले प्रत्येक बर्ष आषाढ मसन्तासम्ममा रु १००।- तरी सदस्यता नविकरण गर्नुपर्नेछ।

ख ) मानार्थ सदस्य : यस संस्थालाई आवश्यक विशेष सहयोग गर्ने विभिन्न क्षेत्रका विशिष्ठ व्यक्तिहरुलाई यस समाजले सम्मान स्वरुप मानार्थ सदस्य प्रदान गर्नसक्नेछ। जसलाई निर्वाचनमा मतदानको अधिकार भने हुनेहुने छैन ।

ग) आजीवन सदस्य : संस्थाको आजीवन सदस्यहरुको निम्ति रु ५००० शुल्क लाग्नेछ।

७) सदस्यता प्राप्तिका लागि योग्यता

१६ वर्ष उमेर पुगेको नेपाली नागरिक हुनुपर्नेछ।

ख) नेपाल भित्र वा वाहिर बसोवास गर्ने दियाली बन्धुहरु यस समाजको सदस्य बन्न सक्नेछन्

ग) मानसिक सन्तुलन नगुमाएको हुनुपर्नेछ।

घ) सार्वजनिक समपत्ती हिनामिना गरेको/ठहरेको हुनुपर्ने ।

ङ) नैतिकपतन देखिने फौजदारी अभियोगमा सजाए नपाएको हुनुपर्ने

च यस संस्थाको विधान पालन गर्न मन्जुर भएको व्यक्ति हुनुपर्ने

८) सदस्यता प्राप्तिका लागि अयोग्य रहने अवस्था :

क) गैर नेपाली नागरिक र १६ वर्ष उमेर नपुगेको व्यक्ति

ख) मगज बिग्रेको वा बौलाएको ।

ग) दाभासाहीमा परेका व्यक्ति ।

घ) कुनै प्रकारको चोरी , ठगी किर्ते वा जालसाजी वा आफ्नो जिम्मा रहेका धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग वा भ्रष्टचार गरेको अभियोगमा अदालतवाट कसुरदार ठहरी सजाय पाएको ।

ङ) संस्थाको कियाकलापमा निजी स्वार्थ भएको व्याक्ति ।

च) सदस्यता शुल्क नबुझाएको व्याक्ति ।

९) सदस्यताको खारेजी हुने अवस्था :

क) साधारणसभावाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउन प्रशताव पारित भएमा ।

ख) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

ग) यस संस्थाको कामकार्वाहीमा वेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

१०. सदस्यता शुल्क वा सदस्यता प्रदान गर्ने विधि

क) यस संस्थामा सदस्यले प्रवेश शुल्क रु. ५०।-र सदस्यता शुल्क रु २०० ।- बुझाई सदस्यता लिन सक्नेछन् ।

ख) यस दियाली वन्धु सेवा समाजको विधान स्वीकार गरि सदस्यता लिन आवेदन गरेको अवस्थामा स्थानीय कार्य समितिको निर्णय वमोजिम सदस्यता प्रदान गरिने छ ।

## परिच्छेद -४

## (साधारण सभा तथा कार्यकारिणी समिति)

११) साधारण सभाको गठन :-

यस संस्थाका सदस्यहरुको सभालाई साधारण सभा मानिनेछ । साधारण सभा यस संस्थाको सर्वोच्च निकाय मानिनेछ । यस विधान वमोजिमाका साधारण सदस्य र आजीवन सदस्यबाट साधारण सभा गठन हुनेछन ।

१२) साधारण सभाको अधिवेशन:-

क) संस्थाको साधारण सभा वर्षमा एक पटक वस्नेछ तर विशेष कारण परेमा विशेष साधारण सभा बोलाउन सकिनेछ ।

ख) साधारण सभाको लागी १५ (पन्ध्र) दिन अगवै सदस्यहरुका लागी सुचना प्रकाशित गरिनेछ ।

ग) साधारण सभाको गण पुरक संख्या मतदान गर्न पाउने वैध सदस्यको कम्तिमा ६० प्रतिशत सदस्यको उपस्थितिलाई मानिनेछ ।

घ) साधारण सभाका एक तिहाई सदस्यहरुले कारण खोली साधारणसभाको माग गरेमा त्यस विषय माथि छलफल गरि कुल सदस्य संख्याको दुईतिहाइले अनुमोदन गर्नु पर्दछ।

ङ) वहुमतको निर्णय मान्य हुनेछ ।

१३) साधारण सभाको काम, कर्तव्य र अधिकार :-

क) साधारणसभा संस्थाको सर्वोच्च अगं हुनेछ र संस्थाको सम्पूर्ण नीति यसले नै तय गर्नेछ ।

ख) यस विधानको आवश्यक संशोधन वा परिमार्जन कम्तिमा दुई तिहाई वहुमत सदस्यहरुको निर्णयवाट गर्ने ।

ग) कार्यकारिणी समितीको गठन गर्ने । (उपसमिती)

घ) संस्थाको बजेट तथा लेखापरिक्षण माथि छलफल गरि निर्णय गर्ने ।

ङ) लेखापरिक्षक नियुक्ती र पारिश्रमिक तोक्ने ।

च) संस्थाको विधान र परिकल्पना, ध्येय, लक्ष्य तथा उद्देश्य अनुसार कार्य नभएको समीक्षा र कार्यकारिणी समितिलाई आवश्यकता अनुसार सुझाव र निर्देशन दिने ।

छ) संस्थाको हितका लागि आवश्यक ठानेमा उप- समिति, सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

१४) कार्यकारिणी समितिको गठन : -

क) संस्था संचालनको लागि देहाय बमोजिमको कार्यकारिणी समितिको गठन प्रजातान्त्रिक प्रक्रिया अपनाई निर्वाचनको माध्यमबाट साधारणसभाले गर्नेछ ।

अध्यक्ष- १

उपाध्यक्ष- १

सचिव- १

कोषाध्यक्ष- १

सदस्य- ५

ख) समितिको कार्य अवधि ३(तिन) वर्षको हुनेछ ।

दियाली बन्धु सेवा समाज देहाय वमोजिम कार्यसमिति रहनेछ।

क.१) केन्द्र स्तरमा केन्द्रीय कार्य समिति

२) जिल्ला स्तरमा शाखा कार्य समिति

३) गाउँ - नगर स्तरमा उपशाखा कार्यसमिति

ख) यस समाजको निम्न पदाधिकारी रहेको निम्न अनुसारको कार्य समिति हुनेछ।

| १) केन्द्रीय समिति | २) जिल्ला समिति | ३) गाउँ -नगर समिति |
|---|---|---|
| अध्यक्ष- १ | अध्यक्ष- १ | अध्यक्ष -१ |
| उपाध्यक्ष -१ | उपाध्यक्ष- १ | उपाध्यक्ष-१ |
| सचिव- १ | सचिव १ | सचिव १ |
| कोषाध्यक्ष १ | कोषाध्यक्ष १ | कोषाध्यक्ष १ |
| सदस्य ५ | सदस्य ५ | सदस्य ५ |

आवश्यकता अनुसार ९ जना सम्मको सल्लाहकार समिति रहनेछन्
आवश्यकता अनुसार ७ जनासम्मको उपसमितिहरु हुनेछन्

ग) कार्यसमितिको कार्यकाल देहाय वमोजिम हुनेछ :

१. केन्द्रीय कार्य समिति ३ वर्ष

२. शाखा कार्यसमिति २वर्ष

३) उपशाखा कार्य समिति १ वर्ष

परिच्छेद - ५

ग) प्रथम साधारणसभा नभए सम्म बढीमा ६ महिनाका लागि संस्थापक सदस्यहरु रहेको समितिले काम गर्न सक्नेछ ।

घ) कारणवश विचमा कुनै पधाधिकारी हटेमा सो स्थानमा बाँकी अवधिका लागी कार्यसमितिबाट मनोनयन गरी राखन सकिने छ ।

१५) <u>कार्यकारिणी समितिको बैठक :-</u>

क) संस्थाको कार्यकारिणी समितिको बैठक महिनामा १ पटका वस्ने छ तर आवश्यकता अनुसार कुनै पनि समयमा वस्न सक्नेछ ।

ख) बैठक अध्यक्षको स्वीकृती लिइ सचिवले वोलाउने छ ।

ग) कार्यकारिणी समितिमा बहुमतको निर्णय मान्य हुनेछ छ तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्ति ले निर्णयक मत दिनेछ ।

घ) लिखित सुचना विना लगातार तिन पटक बैठकमा अनुपस्थित रहेमा त्यस्ता पदाधिकारीलाई कार्यसमितिको निर्णय अनुसार सो पदबाट हटाउन सकिने छ ।

१६) <u>कार्यकारिणी समितिको काम,कर्तव्य र अधिकार :-</u>

क) संस्थाको उदेश्य प्राप्त गर्नका लागि यस विधानको अधिनमा रही परियोजनाको नीति निर्माण ,कार्यन्वयन,अनुगमन र मूल्यकंन गर्ने गराउने ।

ख) संस्थाको कार्य संचालननार्थ आवश्यकता अनुसार समिति ,उपसमिति गठन गर्ने तथा काम,कर्तव्य र अधिकार तोक्ने र विघटन गर्ने ।

ग) साधारण सभाद्धरा पारित प्रस्तावहरुको कार्यन्वयन गर्ने गराउने ।

घ) संस्थाको लागी चल अचल सम्पति प्राप्त गर्ने,राख्ने ,राखन लगाउने ,सो को संरक्षण गर्ने,खाता खोल्ने र संचालन गर्ने गराउने तथा संस्थाको आत्म निर्भताको लागी अन्य आवश्यक कदम चाल्ने ।

३) विनियम वनाउँने

४) वार्षिक कार्य प्रगति नकार्यकमको विवरण पेश गर्ने ।

५) संशोधन प्रस्ताव पेश गर्ने ।

६) कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

७) लेखा परिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

८) संस्थाको हितमा निर्णय गर्ने ।

१७. कार्यसमिति :

क) कार्यससमितिको निर्वाचन वार्षिक साधारणसावाट हुनेछ ।

प्रथम वार्षिक साधारणसभा नभएसम्मको लागि निम्न प्रकारको कार्यसमिति रहनेछ ।

१) अध्यक्ष -१

२) उपाध्यक्ष - १

३) सचिव - १

४) कोषाध्यक्ष -१

५) सदस्यहरु- ५ जनासम्म रहनेछ ।

७) सल्लाहकार - ३ जना सम्म रहनेछन् । सल्लाहकार समिति गठन गरी एकजनालाई संयोजक तोकिनेछ ।

८) कानूनी सल्लाहकार -१ जना हुनेछन् ।

१८ कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

क) अध्यक्षको काम , कर्तव्य र अधिकार :

१) यस समाजको नेतृत्व गर्दै उदेश्य प्राप्तिका लागि

सकिय रहने ।

२) कार्यसमितिको बैठक तथा साधारणसाको अध्यक्षता गर्ने ।

३) मत बराबर भए निर्णयक मत दिने ।

४) कार्यसमितिको बैठक बोलाउने वा बोलाउन लगाउने ।

५) कार्यसमितिको निर्णय लागु गर्ने वा गराउने ।

६) दैनिक प्रशासन रेखदेख र सञ्चालन गर्ने , गराउने ।

७) कार्यक्रम तथा योजनाहरु साधारणसभामा पेश गर्ने गराउने ।

८) अभिलेख प्रमाणित गर्ने, गराउने ।

ख) उपाध्यक्षको काम कर्तव्य र अधिकार :

१) अध्यक्षलाई सहयोग गर्ने ।

२) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नुपर्ने सम्पूर्ण कामहरु गर्ने ।

३) कार्यसमितिले तोकेका अन्य कामहरु गर्ने

ग) सचिवले गर्ने काम, कर्तव्य र अधिकार:

१) सचिवालयको रेखरदेख र सञ्चालन गर्ने ।

२) अध्यक्षको निर्देशन अनुसार बैठक र सभाहरु बोलाउने ।

३) कार्यलयको सामानहरुको रेखदेख , संरक्षण र सम्बर्द्धन गर्ने ।

४) साधारणसभाको अधिवेशनमा प्रगति प्रतिवेदन तयार गर्ने र प्रस्तुत गर्ने ।

५) अभिलेखहरु शुरक्षित राख्ने ।

६) वैठकले तोकेको तथा अध्यक्षको राय कमोजिम संस्थाको हित हुने अन्य कार्य गर्ने ।

घ) सह- सचिवको काम, कर्तव्य र अधिकार :

१) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण काम गर्ने ।

२) कार्य समितिले तोकेका अन्य कामहरु गर्ने ।

ङ) कोषध्यक्षको काम , कर्तव्य र अधिकार :

१) कोषको रेखदेख र सञ्चालन गर्ने ।

२) लेखा दुरस्त राख्ने ।

३) नियमितरुपमा लेखापरिक्षण गराउने ।

४) साधारणसभामा वार्षिक कार्यक्रम र वजेट पेश गर्ने ।

५) वैठकले तोकेका र अन्य समपूर्ण आर्थिक कारोबार गर्ने ।

च) सदस्यको काम , कर्तव्य र अधिकार :

१) कार्यसमितिको वैठकमा सकिय सहभागिता जनाउने ।

२) विभिन्न उपसमितिमा वसी कार्य गर्ने ।

३) यस समाजमा रही रचनात्मक भूमिका निर्वाह गर्ने ।

४) कार्यसमितिले तोकेका वा यस समाजको हित हुने अन्य कामहरु गर्ने ।

छ) सल्लाहकारको काम, कर्तव्य र अधिकार :

१) कार्यसमितिलाई उचित सल्लाह, सुझाव दिने ।

२) यस समाजलाई सदैव प्रगतिको पथतर्फ उन्मुख पार्ने दिशामा सहयोग गर्ने ।

३) कार्यसमितिका सम्पूर्ण सदस्यहरुलाई समाजको काममा सकिय बनाउने ।

ज) कानूनी सल्लाहकारको काम , कर्तव्य र अधिकार :

१) कार्यसमितिको काम काजमा कानूनी बाधा अड्चन आउन नदिने ।

२) समाजको पदाधिकारी तथा सदस्यहरुलाई कानूनी रुपले सधैं सजक राख्नेतर्फ ध्यान दिने ।

३) कुनै प्रकारको कानुनी अप्ठ्याराहरु भए त्यसलाई सहज ढंगले सुल्झाउन मदत गर्ने ।

४) सबै सदस्यहरुलाई मर्यादित तवरले आ -आफ्ना ढंगले कार्य सम्पादन गर्न सहयोग गर्ने ।

१९. गणपुरक संख्या :-

कुल सदस्य संख्याको ६० प्रतिशत प्रतिनिधित्व हुने गरी सदस्यहरु उपस्थित नभई साधारणसभाको काम कार्वाही हुने छैन । तर विधानको दफा ११ को उपदफा घ) मा उल्लेख भए बमोजिम पुन: बोलाएको साधारणसभामा कुल सदस्यको ५१ प्रतिशतको प्रतिनिधित्व हुने गरि सदस्यहरु उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद - ६

## आर्थिक व्यवस्था

२०. आर्थिक व्यवस्था :

समाजको आफ्नो एउटा छुटै कोष हुनेछ । सो कोषमा देहायबमोजिम प्रप्त रकम रहनेछ ।

क) सदस्यता शुल्क वापत प्रप्त रकम ।

ख) कसैले सो इच्छाले दिएको अनुदान रकम ।

ग) विदेशी संघ- संस्था वा व्याक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए यस संस्थाले समाज कल्याण परिषद् ऐन अनुसार पूर्व स्वीकृति लिनुपर्नेछ ।

२१. खाता संचालन :

समाजको आफ्नो नाममा छुटै बैंक खाता हुनेछ । बैंक खाता अध्यक्ष र सचिव मध्ये एकजनाले तथा कोषाध्यक्षको अनिवार्य दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यावस्था मिलाइने छ ।

२२. लेखा र लेखापरिक्षण:

क) समाजको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम दोहोरो श्रेस्ता प्रणाली अनुसार राखिनेछ ।

ख) आर्थिक हिसावकिताव रजिष्टर्ड लेखापरिक्षक परिक्षण गराउनपर्नेछ ।

ग) नेपाल सरकार वा स्थानीय अधिकारी चाहेमा जुनसुकै बखत पनि समाजको हिसाबकिताब जाँच्न वा जचाउँन सक्नेछ ।

घ) लेखापरिक्षकको नियुक्ति वार्षिक साधारणसभाबाट हुनेछ । तर पहिलो साधारणसभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ ।

ङ) समाजको लेखा परिक्षण तथा वार्षिक प्रगति विवरण प्रत्यक वर्ष स्थानीय अधिकारी , समाज कल्याण परिषद् र जिल्ला विकाश समितिमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ७

### २३. निर्वाचनसम्वन्धी व्यवस्था :

क) समाजको कार्य समितिको निर्वाचन सम्पन्न गर्न तीन सदस्यीय निर्वाचन समिति कार्यसमितिले गठन गर्नेछ । निर्वाचन समितिले सामान्य प्रकियाद्धारा निर्वाचन सम्पन्न गर्नेछ ।

ख) निर्वाचन समितिमा रहेका व्यक्तिहरु सो निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

ग) निर्वाचन समितिले गरेको निर्णय सबैका लागि मान्य हुनेछ ।

घ) निर्वाचन समितिलाई आवश्यक सहयोग गर्नु समाजका सबै सदस्यहरुको कर्तव्य हुनेछ ।

२४. उम्मेदवारको योग्यता:

कार्यसमितिको उम्मेदवार हुने देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

क) समाजको सदस्यता प्रप्त गरेको हुनुपर्नेछ ।

ख) प्रचलित कानुन बमोजिम योग्य ठहरेको हुनुपर्नेछ ।

ग) समाजको हित विपरित काम नगरेको हुनुपर्नेछ ।

घ) समाजको रकम तिर्न बुझाउन बांकी नभएको हुनुपर्नेछ ।

ङ) अध्यक्ष, सचिव र कोषाध्यक्ष हेर्नको लागी कम्तिमा एक कार्यकाल कार्यसमिति रहेर काम गरिसकेको हनुपर्नेछ ।

च) यस विधानको दफा ७ र ८ बमोजिमको योग्यता भएका संस्थाका सदस्यहरु उम्मेदवार हुन पाउनेछन् ।

२५. अविश्वासको प्रस्ताव :

१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीहरुको विरुद्ध हो स्पष्ट खुलाई देहाय बमोजिम रित पुऱ्याई समाजको सचिवालयमा दर्ता गर्नुपर्नेछ ।

क) नेपाली भाषामा शिष्ट शब्दमा लेखिएको हुनुपर्नेछ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्नेछ ।

ग) कार्य समितिको कुनै पदाधिकारी सदस्यले आफ्नो जिम्मेवारी इमान्दारीपुर्वक निर्वाह नगरेको हुँदा निज प्रति हाम्रो विश्वास छैन भनि प्रस्ताव कुल सदस्य संस्थाको दुई तिहाई सदस्यले सर्मथन गरेमा पदाधिकारी जिम्मेवारीबाट मुक्त हुनेछ र अपराधका आधारमा कार्वाही हुनेछ । त्यस्ता पदाधिकारी वा सदस्यलाई आफु माथि लगाएको आरोप विरुद्ध सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

घ) साधारणसभा सदस्य मध्येबाट कम्तिमा १ - ३ (एक तिहाई ) सदस्यहरुको विश्वास प्रस्तावमा प्रष्ट नाम , थर र ठेगानासहित खुलाई सही भएको हुनुपर्नेछ ।

२) उपदफा १ बमोजिम सचिवालयमा दर्ता भएको अविश्वासको प्रस्तावमा स्पष्ट विषय खुलाई समाजको साधारणसभा वा विशेष साधारणसभा बस्ने स्थान , मिति र समय समेत तोकी यस इत्थम्न समाजको साधारणसभा सम्पुर्ण प्रतिनिधि सदस्यहरुलाई विधानमा व्यवस्था भए अनुसार साधारणसभा र विशेष साधारणसभा बस्ने सूचना दिईनेछ ।

३) अविश्वासको प्रस्ताव माथि छलफल प्रकिया :

क) साधारणसभाको अध्यक्षता गर्ने व्यक्तिले साधारणसभा उपदफा १

वमोजिमको प्रस्ताव पेश गर्न प्रस्ताव पेश गर्न अनुमति दिनेछ प्रस्ताव पेश गर्ने सदस्यहरुमध्ये एक जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्नेछ । कारणसहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख) उपदफा ३ क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न अनुमती दिनसक्नेछ ।

ग) उपदफा १ बमोजिम अविश्वास प्रस्ताव जुन पदाधिकारीहरुविरुद्ध गरिएको हो । अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्ना भनाईहरु राख्न अनुमती दिईनेछ ।

४) अविशवासको प्रस्तावमाथि निर्णय :

क) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने कम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले अविस्वासको प्रस्ताव बहुमत पक्षमा छ वा विपक्षमा छ भन्ने निर्णयको लागी देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्ताव निर्णय घोषणा गर्नेछ ।

ख) अविश्वासको पक्षमा मत प्रकट गर्ने एक समूह र विपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छेटाएर वा

ग) साधारणसभा सदस्यहरुलाई अविश्वासको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

घ) साधारणसभाको कुल सदस्यको २ - ३ (दुई तिहाई ) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्ति पदमुक्त हुनेछन् ।

ङ ) निर्वाचित भएको ३ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी यस्तो व्यक्ति उपर पुन : अविस्वासको प्रस्ताव ल्यउन पाईने छैन ।

२६. विधान संसोधन:

संस्थाको विधानको कुनै दफा संसोधन गर्नुपर्ने आव्ह्यकता देखिए कुल सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरी संसोधनका लागि स्थानीय अधिकारी समक्ष पेश गर्नुपर्नेछ । यसरी पेश भएको विधान स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात संस्थाको विधान सो दफा संसोधन वा खारेज भएको मानिनेछ ।

२३. विनियम वनाउन सक्ने :

संस्थाले आफनो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम वनाउन सक्नेछ । र सो को जानकारी स्थानीय अधिकारी समक्ष दिनुपर्नेछ ।

२७. तदर्थ व्यवस्था :

यस संस्था स्थापना गरी दर्ता गराउनका लागी गठित तदर्थ समितिले ६ महिना भित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागी समितिको गठन गर्नुपर्नेछ । सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार मानिनेछ ।

२८. संस्था खारेजी :

साधारणसभाले आवश्यक देखेमा प्रकिया पुऱ्याई विशेष प्रस्ताव पारित गरि संस्था खारेजी गर्नसक्नेछ ।

२) उपनियम १ बमोजिम खारेजीका प्रस्ताव पारित गर्दा साधारणसभाले खारेजीको काम गर्नका लागि एक वा एक भन्दा बढी लिक्वीडेटरहरु र संस्थाको हिसाव - किताव जाँच गर्नको लागी एक वा एक भन्दा वढी लेखापरिक्षक नियुक्ति गर्न सक्नेछ । लिक्वीडेटर र लेखापरिक्षकको पारिश्रमिक साधारणसभाले तोकिदिए वमोजिम हुनेछ ।

३) उपनियम २ वमोजिम नियुक्ति लिक्वीडेटर र लेखापरीक्षकको संस्थाको खारेजी सम्वन्धी काम कारवाही गर्नेछन् ।

४) यसरी अन्य जुनसुकै कारणले संस्था खारेजी भएमा संस्थाको सम्पूर्ण सम्पति नेपाल सरकारको हुनेछ ।

२९ . ऐन अनुसारको हुने छ । :

यस विधानमा उल्लेख भएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन , नियम र प्रचलित कानुन संग वाझिन भएका कुराहरु स्वत: निष्क्रिय हुनेछन् ।

३० संस्थाले चल अचल सम्पत्ति:

संस्थाले आफ्नो चल अचल सम्पति खरिद वा बिकी गर्न सक्नेछ । अचल सम्पत्ति बिकी गर्दा साधारणसभाबाट पारित गराई स्थानीय अधिकारी स्वीकृति लिएर मात्र बिकी गर्न सकिनेछ ।

३१ . स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३२. विविध :

१) यस संस्थाको दायित्वमा तपसिलका कुराहरुको पूर्ण पालना गरिनेछ ।

२) यस संस्थाले नागरिकको सूचना हकको सम्मान र संरक्षण गर्ने गराउनेछ ।

३) उप दफा १ को प्रयोजनका लागी देहायका काम गर्नु यस संस्थाको दायित्व हुनेछ ।

क) सूचना वर्गीकरण र अद्यावधिक गरी समय - समयमा सार्वजनिक प्रकाशन तथा प्रसारण गर्ने गराउने ।

ख) सूचनामा नागरिकको पहुँच सरल र सुलभ बनाउने ।

ग) आफ्नो काम कार्वाही खुल्ला र पारदर्शी रुपमा गर्ने ।

घ) आफ्ना कर्मचारीका लागी उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने ।

४) यस संस्थाले उपदफा (३) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक प्रकाशन वा प्रशारण गर्दा विधिन्न राष्ट्रिय भाषा तथा आम सञ्चारका माध्यामबाट गर्न गराउन सक्नेछ । यस संस्थाका सदस्यहरु तथा अन्य व्यक्तिहरुले संस्थाको बैठक वा साधारणसभा आफ्नो भनाई राख्दा सभ्य र शिष्ट भाषाको प्रयोग गर्नुपर्नेछ । असभ्य र अश्लील शब्दहरुको प्रयोग गर्न पाइने छैन् ।

५) संस्थाले आवश्यक ठानेमा कार्य समितिले सल्लाहकार समिति , विभिन्न उप - समिति गठन गर्न सक्नेछ ।

३३. प्रतिवद्धता : दियाली वन्धु सेवा समाजका निम्न संस्थापकहरु विधान बमोजिम कार्य गर्न मन्जुर भै निम्न साक्षीहरुको रोहबरमा सही छाप गरेका छौं ।

३०. प्रतिबद्धता : दियाली वन्धु सेवा समाजका निम्न संस्थापकहरु विधान बमोजिम कार्य गर्न मञ्जुर भै निम्न साक्षीहरुको रोहवरमा सही छाप गरेका छौं ।

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | मान बहादुर विश्वकर्मा धिमाल | सदस्य | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |

२०८१।३१।२०

1

2

3

4

5

| क.स.: | नाम | (पद) | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रेम बहादुर रिमाल | अध्यक्ष | |
| २ | मान बहादुर विश्वकर्मा | उपाध्यक्ष | |
| ३ | [illegible] | सचिव | |
| ४ | छल बहादुर वि.क. | कोषाध्यक्ष | |
| ५ | अनुप रिमाल | सदस्य | |
| ६ | पुनम वि.क. | ,, | |
| ७ | विमला वि.क. | ,, | |
| ८ | [illegible] वि.क. | ,, | |
| ९ | अम्बिका वि.क. | ,, | |

# अनुसूची-१

## अनुसारको लोगो